# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकीय अधिकृतज्यू,
संचारकर्मी र राष्ट्रसेवक कर्मचारीज्यूहरु,
यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा  मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध रुरुक्षेत्र गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासिको समृद्दीको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्द गाउँपालिका र सुखी जनताको लक्ष्य हँसिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

रुरुक्षेत्र गाउँपालिकालाई कृषि उत्पादन, शिक्षा र धार्मिक पर्यटकीय दृष्टिकोणले उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनाबद्ध गाउँ टोल तथा वस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ ।

**विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक,प्रशासनिक, आदि )**
विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव

पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हँसिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकाका स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय शासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा १२ महिना चल्ने स्तरीय सडक पूर्वाधारको पहुँच हुनु ।

### विद्यमान चुनौतीहरू:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

- रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- भिरालो ठाउँ बाढी तथा पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु।
- गाउँपालिका भित्र सेवा प्रवाहलाई आवश्यक पर्ने जनशक्ति प्राप्ति गर्न र प्राप्त भएको जनशक्ति टिकाइराखु ।
- गाउँपालिका भित्र संघीय तथा प्रदेश सरकारबाट संचालित आयोजनाहरुको कार्यन्वयनमा समन्वय कायम गर्न ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था,राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम्अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजना, गाउँपालिकाको प्रथम आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको प्रथम आवधिक योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवम् जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको सँगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई स्वीकृत गरी छरितो एवम् चुस्त सँगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाई जोड दिइनेछ ।

अब म हाम्रो गाउँपालिका मार्फत चालु आ.व. २०७९/०८० मा हाल सम्म भएका कामहरुको प्रगति विवरण विषय क्षेत्रगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास तर्फ

- लुम्बिनी प्रदेशसँगको लागत साझेदारीमा एक पालिका एक नर्सरी कार्यक्रम सम्पन्न भएकोछ ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत खेति गर्ने सिंचाई अभाव भएका १४ जना तरकारी खेति गर्ने किसानहरुलाई २१ वटा थोपा सिंचाई ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।
- बालि संरक्षण (विषादी खरिद) अन्तर्गत विभिन्न बालिहरुमा लाग्ने रोग तथा किराहरुको नियन्त्रणको लागि खेतिबारीमै पुगेर ४०० कृषकहरुलाई परामर्श तथा विषादी वितरण गरिएको छ ।
- बालीहरुमा किरा तथा जंगली जनावरको क्षति कम गर्न १८ जना कृषकहरुलाई ग्रीन नेट तथा इन्सेक्ट नेट ५०% अनुदानमा वितरण गरिएको छ ।
- बेमौसमी तरकारी खेतिलाई प्रोत्साहन गर्नको लागि तरकारी खेति गर्ने ४९ कृषकहरुलाई ५० प्रतिशत अनुदानमा ९८ वटा टनेल प्लाष्टिक वितरण गरिएको छ ।
- माटो परिक्षण तथा गोबर परिक्षण ल्याब स्थापना गरी संचालन गरिएको छ ।
- किसानहरुलाई व्यवसायिक खेतिमा आकर्षित गर्न तथा तरकारीको उत्पादन बढाउनको लागि हाइब्रिड तथा उन्नत जातका विभिन्न तरकारीको ६७ जना कृषकहरुलाई बिउ विजन वितरण गरिएको छ ।
- कृषकहरुको उत्पादनको प्रचार प्रसार गर्नको लागि रुरुक्षेत्र गाउँपालिकाको आयोजना तथा कृषि ज्ञान केन्द्र, गुल्मी र सत्यवती गाउँपालिकाको सहकार्यमा माघेसंक्रान्ती मेलामा रिडीमा कृषि मेला प्रर्दशनी आयोजना गरी ३५ जना कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिएको थियो । जसमा ७८ जना कृषक सहभागि भएका थिए ।
- आलु पकेट कार्यक्रम अन्तर्गत सिंचाई कुलो निर्माण, कृषि उपकरण, बिउ विषादी वितरण गरी संचालन गरी उत्पादन बृद्धि भएको छ । जसमा ३८.५ मेट्रिक टन आलु उत्पादन भएको छ ।
- गाईमा देखापर्ने बाँझोपन समस्या समाधानको लागि गोठमा पुगी विज्ञद्वारा १५ वटा गाईको चेकजाँच गरी आवश्यक औषधी निशुल्क वितरण गरिएको छ ।
- कुकुरको समस्या समाधानको लागि बलेटक्सार बजार र बजार आसपास रहेका ५० वटा कुकुरहरुलाई शल्यक्रिया गरी कुकुर बन्ध्याकरण गरिएको छ ।

- रेबिज रोग देखिनासाथ यसको रोकथामको लागि ६ वटा वडा कार्यालयमा जनचेतनाका कार्यक्रम गरिनुका साथै पालिका भित्र रहेका ४३५ वटा कुकुरलाई टोल टोलमा पुगेर एन्टी रेबिज भ्याक्सिन लगाईएको छ । साथै अन्य रोगको रोकथामको लागि भ्याक्सिनहरु निशुल्क रुपमा गोठ-गोठमा पुगी लगाइएको छ ।
- बाख्रा र गाईको पालनमा सहयोग तथा उन्नत घासलाई बढवा दिनको लागि १३०० घरधुरीमा डाले घाँस, भुई घाँसको बिउ अनुदानमा वितरण गरिएको छ ।
- भकारो सुधार ५८ वटा, बाख्रा खोर निर्माण ९१ वटा र २८ वटा टनेल निर्माण गरिनुका साथै ११३ जना व्यवसायिक युवा कृषकहरुलाई अनुदान वितरण गरिएको छ ।
- रेबिज, लम्पी स्किन डिजिज जस्ता रोगको जाँचको लागि स्याम्पल जम्मा गरी सम्बन्धित निकायमा पठाई रोगहरुको पुष्टि गरिएको। महामारीको रुपमा रहेको लम्पी स्किन डिजिजको रोकथामको लागि २७५ डोज भ्याक्सिन लगाई आवश्यक औषधी समेत वितरण गरिएको छ ।
- रुरुक्षेत्र कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत ३३ वटा भैंसी, ४५ वटा गाई, २८ वटा बिउ बोका, २ वटा बिउ बोयर बोका र १७६ वटा बाख्रा वितरण गरिनुका साथै ५५ वटा बाख्रा मूल समूहबाट उपहार समूहमा हस्तान्तरण गरिएको छ।
- गाउँपालिका र प्रभु बैंक, रानीबास बीच संम्झौता भई कृषकहरुको लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ८० जनालाई नयाँ उद्यमी सिर्जनाको लागि आवश्यक तालिम प्रदान गरिएको, ४० जनालाई स्तरोन्नती तालिम प्रदान गरियो । जसमध्ये हाल २ जनाले आफ्नै पसल खोली उद्यम शुरु गरेका छन् भने २० जनाले समूहमा आवद्ध भई पशुपालन तथा सरफ निर्माण गर्ने कार्य गरिरहेका छन् ।
- सहकारी संस्थाका सरोकारवालाहरुमध्ये ४० जनाका लागि ५ दिने लेखा तथा कोपोमिस सम्बन्धी तालिम सञ्चालन गरी सम्पन्न गरिएको छ ।
- गाउँपालिका भित्रका मुख्य बजारक्षेत्र तथा ग्रामीण बजार क्षेत्रहरुको पटक पटक गरी ५ पटक बजार अनुगमन कार्य गरिएको र निरन्तर अनुगमन गर्ने कार्यक्रम रहेको छ ।

- उद्योगी, व्यवसायीहरुलाई कर शिक्षा प्रदान गर्ने उद्धेश्यले गाउँपालिको आयोजना तथा गुल्मी उद्योग बाणिज्य संघ, शाखा कार्यालय, रिडी र बलेटक्सारको समन्वयनमा २०० जना उद्योगी, व्यवसायीहरुलाई करदाता शिक्षा कार्यक्रम बलेटक्सार र रिडीमा प्रदान गरिएको छ ।
- राष्ट्रिय सहकारी दिवसको अवसरमा गाउँपालिका भित्रका सम्पूर्ण सहकारीसंस्थाका पदाधिकारी तथा सदस्यहरु सहित करिव ४०० जनाको उपस्थितिमा भव्य कार्यक्रम सम्पन्न गरिनुका साथै उक्त कार्यक्रममा पालिका भित्रको उत्कृष्ट ठहर हुने सहकारी संस्थालाई पुरस्कृत गरिएको छ ।
- व्यवसायीहरुको सुविधालाई मध्यनजर गरी गाउँपालिकाका विभिन्न ४ वटा स्थानहरुमा ५ दिनसम्म व्यवसाय दर्ता नविकरण शिविर सम्पन्न गरिएको छ जसमा २८ वटा नयाँ व्यवसाय दर्ता, ३८० व्यवसाय नविकरण भएका थिए भने ६१ जनाले परामर्श सेवा लिएका थिए।
- सहकारी संस्थासँगको साझेदारीमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरिएको छ ।
- बम्घाकोटमा प्यारागलाइडिङ्गको सफलतापुर्वक परिक्षण उडान सम्पन्न गरिएको छ ।
- पालिकाको नयाँ पर्यटकीय क्षेत्रको रुपमा सम्भावना बोकेको थाम्की डाँडा स्थित ट्रि हाउसलाई व्यवस्थित गरी सञ्चालनमा ल्याइएको छ ।

## सामजिक विकास तर्फ

- बलेटक्सार आयुर्वेद औषधालय निर्माणको लागि जग्गा व्यवस्थापन प्रकृया अगाडि बढाइएको छ ।
- घरघरमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन भएको छ ।
- आ.ब. ०७९/८० बाट रु. १२०० बराबरको पोषण प्याकेज वितरण तथा निशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ । साथै क्याल्सीयम चक्की वितरण गरिँदै आएको छ ।
- गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको लागि स्वास्थ्य विमाको सुविधा उपलब्ध गराउन सरोकारवालाहरुसँग आवश्यक छलफल अन्तरक्रिया सम्पन्न भएको छ ।
- रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा बृहत निशुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रममा २०३१ जनालाई विशेषज्ञ सेवा प्रदान गरिएको थियो ।

- बलेटक्सार स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न भई हाल आफ्नै भवनबाट सेवा प्रदान गरिएको छ ।
- प्रदेश सरकारको विशेष पहलमा ग्वादी स्वास्थ्य चौकीमा ल्याब स्थापना भई सञ्चालनमा आएको छ ।
- बलेटक्सार स्वास्थ्य चौकीमा दन्त रोग र जनरल मेडिसिन सम्बन्धी निशुल्क स्वास्थ्य शिविरमा २८२ जनालाई सेवा प्रदान गरिएको छ ।
- गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरुमा डाक्टर तथा ल्याब र औषधि सहितको शिविर निरन्तर सञ्चालन गरिएको छ ।
- विरामीलाई तत्काल सेवा पुर्याउन थप १ वटा एम्बुलेन्स खरिद कार्य सम्पन्न भई गाउँपालिकामा आउने चरणमा रहेको छ ।
- सस्कृत तथा साधारण मा.वि. रुरुक्षेत्र–१ रिडीमा गुरुकुल शिक्षा सञ्चालनको लागि अनुमति दिइएको छ भने १ जना भान्सेको व्यवस्था गरिएको छ ।
- विद्यालय समायोजन तथा कक्षा घटाउने काम सम्पन्न भएको छ । पूर्ण समायोजन भएका विद्यालय  ३ वटा, वालकक्षा वाहेक अन्य कक्षा घटाइएको विद्यालय ३ वटा र कक्षा ४,५ र ६,७ र ८ कक्षा घटाईएको विद्यालय ५ वटा रहेका छन् ।
- कक्षा १-५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भै पाठयपुस्तक विकासको कार्य अन्तिम चरणमा रहेको छ । यसै शैक्षिक सत्रबाट स्थानीय पाठ्यक्रमको पढाइ आरम्भ गरिएको छ ।
- गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।
- लुम्बिनी प्रदेश सरकोको १ करोड ५० लाख तथा गाउँपालिकाको ६५ लाख बजेटबाट नव प्रबर्तन साझेदारी कोष अन्तर्गत मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश सरकार सँगको साझेदारीमा गुणस्तरीय शिक्षण सिकाईको लागि सूचना प्रविधि मैत्री शिक्षा कार्यक्रम संचालन गरिएको छ । जसअन्तर्गत गाउँपालिका भित्रका ७ वटा सामुदायिक मा.वि.का कक्षा ६, ७, र ८ मा स्मार्ट बोर्डमार्फत् डिजिटल तवरले अध्यापन गराउन आवश्यक उपकरण खरिद, जनशक्ति तालिम लगायतका कार्यहरु चलिरहेको छ ।
- गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा विद्यार्थी तथा शिक्षकहरुका गतिविधिहरुलाई अवलोकन गर्न केन्द्रिकृत सूचना प्रणालीको शुरुवात गरिएको छ ।

- नेपाल दुर सञ्चार प्राधिकरणसँग समन्वय गरी पालिकाभित्रका ३४ वटा प्राथमिक तथा आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ ।
- जनबोध माध्यमिक विद्यालमा विद्यालय बस खरिद गरी सञ्चालनमा आएको छ ।
- १० वटा विद्यालयका बालकक्षा व्यवस्थापन गरी नमुना बनाइएको छ ।
- ४२ वटा विद्यालयका ४७ जना वालविकास सहजकर्ताहरुको क्षमता विकास सम्बन्धी ७ दिने क्षमता विकास तालिम संचालन गरी सम्पन्न गरिएको छ ।
- गणित र विज्ञान विषय शिक्षकहरुको ५ दिने पेसागत क्षमता विकास तालिम सन्चालनको चरणमा रहेको छ ।
- लिडर माध्यमिक विद्यालयको समन्वयमा ३ वटा विद्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- मा.वि.र नि.मा.वि.तहको पालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन सम्पन्न भएको छ ।
- प्रदेश सरकारको सहयोगमा अटिजम पाठशाला रिडीमा २ जना स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको छ ।
- प्राथमिक तथा आधारभूत १८ वटा विद्यालयहरुलाई एक एक सेट कम्प्युटर र प्रिन्टर प्रदान गरिएको छ ।
- विभिन्न विद्यालयहरुमा सोलारको व्यवस्था, विद्युत मिटर नभएका विद्यालयमा मिटर प्रदान गरी विद्युत जडान गरिएको छ ।
- विभिन्न विद्यालयमा आवश्यक शौचालय निर्माण, कम्पाउण्ड वाल, तारबारको निर्माण गरिएको छ ।
- विद्यार्थी दिवा खाजा कार्यक्रमलाई सहयोग पुर्याउने अभिप्रायले विद्यालय करेसाबारी प्रोत्साहन कार्यक्रम ५ वटा विद्यालयमा सञ्चालन गरिएको छ ।
- श्री ज्ञवा बलेटक्सार मा.वि. को निर्माण सम्पन्न नयाँ भवन यसै शैक्षिक सत्रबाट सञ्चालनमा आएकोछ ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत पालिकास्तरीय बक्तृत्वकला प्रतियोगिता र लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम गरी सम्पन्न गरिएको छ ।
- अन्तराष्ट्रिय महिला दिवस गाउँपालिकाको ६ वटै वडाहरुमा विविध कार्यक्रम गरी सम्पन्न गरिएको छ ।

- दलित सचेतना अभिवृद्धि कार्यक्रम अन्तर्गत गाउँपालिकाको ६ वटै वडाका विभिन्न टोलहरुमा पुगी ३५० जना दलित समुदायका महिला, युवा तथा अन्य वर्गहरुमा वित्तीय साक्षरता, बहुविवाह, बालविवाह जस्ता कुरितीहरुको अन्त्यको लागि सचेतना, कानुनी उपचार, पारिवारिक कानुन जस्ता विषयमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि गाउँपालिकाको ३ वटा स्थानमा अपाङ्गता परिचय–पत्र वितरण गर्ने कार्य सम्पन्न गरिएको छ । जसमा नयाँ २ जनालाई 'क' वर्ग २० जनालाई 'ख' वर्ग, १९ जनालाई 'ग' वर्ग र १३ जनालाई 'घ' वर्गको गरी जम्मा ५४ जनालाई अपाङ्गता परिचप पत्र वितरण गरियो भने ५ जनाको एउटा वर्गबाट अर्को वर्गमा स्तरोन्नती गरिएको थियो भने ७ जनाको यथावत रहेको थियो ।
- दलित, जनजाती युवाहरुको नेतृत्व विकास गर्नको लागि गाउँपालिका स्तरीय ३ दिने नेतृत्व विकास तालिम सम्पन्न गरिएको छ । जसमा ३० जना दलित समूहका युवा र ३० जना जनजाती समूहका युवाहरु गरी ६० जनालाई तालिम दिइएको छ ।
- भाषा सस्कृति संरक्षण अन्तर्गत मगर भाषा तालिम सञ्चालन तथा गन्र्धव जातीको मौलिक सारङ्गी गित संरक्षणको लागि कार्यक्रम अगाडि बढाईको छ ।
- महिला, दलित, जनजातिहरुलाई वित्तीय साक्षरता अभिवृद्धि गर्न प्राथमिकता दिइ विविध कार्यक्रम सञ्चालन गरिएको छ ।

## पूर्वाधार विकास तर्फ

- चालु आ.व. मा ३२८ वटा योजनाहरु संझौता भई कार्य अगाडी बढेको छ हाल सम्म २५२ वटा आयोजना सम्पन्न भएका छन । निर्माण व्यवसायी मार्फत ३४ वटा योजनाको संझौता भएकोमा २० वटा सम्पन्न भएको र बाँकी १४ वटा सम्पन्न हुने चरणमा रहेका छन् ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको काम करिब ९० प्रतिशत सम्पन्न भएको छ । चालु आ.व. मै बाँकी काम सम्पन्न गर्ने गरी अगाडी बढाईएको छ । थप १ करोड ४० लाख बराबरको कम्पाउण्ड वाल निर्माण, पहुँचमार्ग ग्रावेल, पार्किङ्ग व्यवस्थापन लगायतका लागि ठेक्का सम्झौता भई कार्य प्रारम्भ भएको छ । साथै उक्त भवनको फर्निसिङ्ग सहित इन्टेरियर डिजाइनको कार्य गर्न यसै आ.व. मा बोलपत्र प्रकाशन हुनेछ ।

- लोक्मा पुलक्याम्प सडक अन्तर्गत सडक स्तरोन्नतीको काम सम्पन्न भएको छ ।
- नेपाल सरकारले शुरु गरेको एक पालिका एक अस्पताल कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल र कोल्डस्टोर भवन निर्माणको काम निरन्तर चलिरहेको छ ।
- गाउँपालिका भित्रका सडकहरुलाई निरन्तर स्तरोन्नती र कालोपत्रे गर्दै लगिएको छ ।
- वडा नं. २, ग्वादी र वडा नं. ६, रिमुवाको वडा कार्यालय भवन निर्माण सम्पन्न भईसकेपछि हाल ६ वटै वडा कार्यालयहरुले आफ्नै सुविधासम्पन्न वडा कार्यालयबाट सेवा प्रवाह गरिरहेका छन् ।
- वडा नं. १ रिडीमा रहेको खेल मैदान सम्याउने काम सम्पन्न भएको छ तथा दुबो रोप्ने कामको सुरुवात भएको छ ।
- गाउँपालिकाको सभाहल निर्माण सम्पन्न भएको छ । हाल गाउँपालिकाका सबै कार्यक्रमहरु सभाहलमा सञ्चालन गर्रिंदै आइएको छ ।
- प्रदेश स्वास्थ्य मन्त्रालयसँगको लागत साझेदारीमा रिमुवा स्वास्थ्य चौकीको भवनमा तला थपको काम ९० प्रतिशत कार्य सम्पन्न भएको छ ।
- रानीबास–टाहाटिम सडक खण्ड अन्तर्गत ७०० मिटर सडकको पक्की नाली सम्पन्न भई कालोपत्रे हुने चरणमा रहेको छ ।
- सडक बोर्ड नेपालको सहयोगमा रातामाटा भण्डारीडाँडाको जौखोला क्षेत्र र बलेटक्सार चौतारा भञ्याङ्ग मोटरबाटोको चौतारा क्षेत्रमा गरी जम्मा ३३२ मिटर बाटोमा ग्राबेल गर्ने कार्य सम्पन्न भएको छ ।
- नेपाल सरकारबाट गाउँपालिकाको वडा नं. ४ देउडाँडा क्षेत्रलाई औधोगिक ग्राम घोषणा भैसकेको र संरचना निर्माणको लागि DPR को कार्य भइरहेको छ ।
- वडा नं. ४ को भकारे घुम्ती–ठानीडाँडा मो.बा.को १९२ मिटर पक्की सडक निर्माण सम्पन्न भएको छ ।
- वडा नं. २ ग्वादीमा रहेको ग्वादी मा.बि. ४ कोठे भवन र भरेक नि.मा.वि.को २ कोठे ट्रस भवन निर्माण सम्पन्न भएको छ ।
- श्री जनबोध मा.बि. रानीबासको ४ कोठे सम्पन्न भएको छ ।
- जौखोला तालखोला ट्रसब्रिज निर्माणको लागि (स्टील पार्टस् खरिद) को कार्य अगाडी बढेको छ ।
- व्यवस्थित सिंचाइको लागि १२४३ मिटर पाइपलाइन बिछ्याउने काम सम्पन्न भएको छ । साथै पक्की कुलो १११७.५ मिटर निर्माण सम्पन्न भएको छ ।

- स्वच्छ, सफा खानेपानी व्यवस्था गर्न सञ्चालित एक घर एक धारा अभियान अन्तर्गत २६ घरमा धारा जडान कार्य सम्पन्न भएको छ ।
- भुल्केखोला लिफ्टिङ्ग खानेपानी योजनाको ठेक्का मार्फत् मुख्य पाइपलाइन बिछ्याउने काम तथा २ वटा कलेक्सन टंकी निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ ।
- टोल र गाउँ बस्तीको सडक निर्माण कार्यलाई उच्च प्राथमिकता साथ अगाडि बढाइएको छ । रातामाटा–भण्डारीडाँडा मोटरबाटो अन्तर्गत २ वटा ६ मिटर स्पान भएको स्लाब कल्बर्ट निर्माण सम्पन्न भई सञ्चालनमा रहेका छन् ।
- धार्मिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र श्रृङ्गेश्वर धाम पैदल मार्गको अधुरो सिँढी निर्माणको कार्य सम्पन्न भएको छ ।
- धार्मिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र बम्घाकोटमा पुजारी भवन निर्माण, ट्रस निर्माण गरिएको छ ।
- वडा नं. ३ आटारीमा व्यवस्थित पिकनिक स्पटको निमार्ण सम्पन्न भएको छ ।
- रिडीमा रहेको तीन मुखे पुल नजिक शौचालय निर्माणको कार्य भइरेहेको साथै पुराना मठमन्दिर संरक्षण गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।
- लुम्बिनी प्रदेश सरकारको बजेटबाट भट्कुवा, सौरीकोट, भन्ज्याङ्ग सडक स्तरोन्नतीको प्रक्रिया अगाडि बढाइएको छ ।
- विद्युत प्राधिकरणको रु. ७५ लाख लागतमा पालिका नजिकै समस्या रहेको विद्युत ट्रान्सिमिटर परिवर्तन, काठका पोल विस्थापन र विभिन्न स्थानमा विद्युत तार व्यवस्थापन विद्युत प्रशारणमा सुधार ल्याइएको छ ।
- समग्रमा २.४ कि.मि. कालोपत्रे, ३३० मिटर ग्रावेल, ५ कि.मि. सडक स्तरोन्नती र २.६ कि.मि. नयाँ ट्र्याक खोल्ने काम गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ३९ वटा योजनाहरु सञ्चालन भई सम्पन्न गरिएको जसमा गाउँपालिकाको साझेदारीमा २ गोरेटो बाटोमा पक्की सिंढी निर्माण, ४ ठाउँमा ग्याविङ वालनिर्माण तथा दुई ठाउँमा फड्के निर्माण भएको छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन समिति तर्फ

- रिडी खोलामा ८८ मिटर लम्बाइमा तटबन्धको काम सम्पन्न भएको छ ।
- बढिघाट नदि किनार उल्लिखोलामा तटबन्ध निर्माणको काम सम्पन्न भएको छ ।
- गाउँपालिकाबासीहरुको समस्यमा गाउँपालिका साथसाथै रहेको अनुभूति गराउने गरी विपद् तथा प्रकोपबाट जोखिममा परेकाहरुलाई तत्काल खोज, उद्धार, राहत, पुन:निर्माण र पुर्नस्थापनाको लागि पूर्वतयारी र पुर्नलाभको लागि आवश्यक संरचना निर्माण गरी लागू गरिएको छ ।
- अनपेक्षित विपद् व्यवस्थापनको लागि पुर्व सतर्कता र प्रतिकार्य कार्यक्रम संचालन गर्न लागि रुरुक्षेत्र गाउँपालिकाले तर्जुमा गरेको विपद् पुर्व तयारी र प्रतिकार्य योजना--तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०८०२०८० तयार गरिएको छ ।
- सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुसँग अन्तरक्रिया छलफल गरी समितिहरु गाउँपालिका आवद्ध भई राजश्वका दायरामा आउने निर्णय गरिएको छ ।
- आगलागी जन्य विपद् व्यवस्थापन र अन्य कार्यमा उपयोग गर्ने हेतुले एउटा ट्यांकर (टाली) खरिद गरी सचालनमा ल्याईएको छ ।
- विपद्का विभिन्न घटनाहरुमा त्रिपाल, जाली र आर्थिक सहायता वितरण गरिएको छ ।
- मनसुनजन्य विपद् बाट प्रभावित लाभग्राहीसँग सम्झौता गरी गाउँपालिका तर्फको रकम निकासा गरिएको छ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति तर्फ

- आमा हाल सम्म ०८०/२०७९ .व. १० वटा ऐन नियम तथा कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा ल्याइएको छ ।
- विद्युत महसुल छुट दिने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरी २० युनिट सम्म विद्युत खपत गर्ने ३७२१ घरधुरीहरुको रकम भुक्तानीको लागि सम्बन्धित संस्थालाई निकासा दिईएको छ ।
- निर्वाचित जनप्रतिनिधीहरुको लागि २ दिने नेतृत्व तथा क्षमता विकास सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

- कार्यालयबाट प्रवाह हुने सेवा सुविधा छिटो, छरितो, पारदर्शी, प्रविधिमैत्री, प्रभावकारी बनाउन कार्यसम्पादन संझौता गरिएको छ ।
- गाउँ कार्यपालिका बैठकबाट निर्णय गरी बाग्मती प्रदेशको भरतपुर महानगरपालिका, चितवनसँग भगिनी सम्बन्ध कायम गरिएको छ । जसले विकास निर्माण लगायतका कार्यमा द्विपक्षीय सहयोग आदान प्रदान हुने अपेक्षा गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा प्रहरी चौकी स्थापनाको लागि जग्गा प्राप्तीको कार्य भई भवन निर्माणको प्रक्रियामा गएको छ ।
- गाउँपालिकाको वडा नं. १ रिडी र वडा नं. ४ बलेटक्सारमा टोल विकास संस्थाको गठन भई क्रियाशिल रहेका छन् ।
- विपन्न परिवारलाई औषधि उपचारको लागि आवश्यक आर्थिक सहायता तत्काल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको आयोजनामा विभिन्न सरोकारवालाहरुसँग नियमित छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ जसमा निम्नानुसारका छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।
    - गाउँपालिका भित्रका खानेपानी उपभोक्ता समितिहरुसँग अन्तरक्रिया छलफल गरी समस्या समाधानका उपायहरु खोजिएको छ ।
    - बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया छलफल गरी सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय संस्थाहरुले विभिन्न कार्यक्रम सञ्चालन गर्न निर्णय गरिएको छ ।
    - गाउँपालिका भित्र शाखा सञ्चालन गरिरहेका लघुवित्त वित्तीय संस्थाका प्रमुखहरुसँग अन्तरक्रिया छलफल गरी वित्तीय साक्षरताका कार्यक्रम नियमित सञ्चालन गर्न अनुरोध गरिएको छ ।
    - निर्माण व्यवसायीहरुसँग अन्तरक्रिया छलफल कार्यक्रम गरी समयमै गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्नको लागि नीतिगत निर्णयहरु गरिएको छ ।
    - अटो रिक्सा व्यवसायीहरुसँग अन्तरक्रिया छलफल गरी बैज्ञानिक भाडा दर कायम गर्न प्रक्रिया अगाडि बढाइएको छ ।
    - ट्राफिक व्यवस्थापनको विषयमा छलफल कार्यक्रम गरी बलेटक्सार बजारमा ट्राफिक व्यवस्थापन गरिएको साथै सार्वजनिक पार्किङ्ग स्थल

व्यवस्थापन र सूचना जानकारीमूलक बोर्डहरु विभिन्न स्थानहरुमा राखिएको छ ।

- यस गाउँपालिकामा रिक्त रहेका पदहरुमा स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा पठाइएको छ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई आवश्यक जनशक्तिको व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ ।
- राजश्व संकलन सुधारको लागि राजश्व सुधार कार्ययोजना निर्माण गरिएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिएको छ ।
- गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो दर्ता गर्ने सुचना अनुसार निर्धारित समयमा दर्ता भएका ५७ वटा गुनासोहरुलाई गाउँ कार्यपालिकाबाट निर्णय गरी सम्बन्धित मन्त्रालयमा पठाइएको छ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत तयार गरी जग्गा उपलब्ध गराउनको लागि राष्ट्रिय भूमि आयोग समक्ष पेश गरिएकोमा निस्सा प्राप्त भई प्राप्त निस्सा बमोजिम ७५ जना लाभग्राहीको जग्गा नापजाँच गरिएको छ ।
- प्राविधिक इस्टिमेटको कार्य अंग्रेजी भाषमा तयार गरिँदै आएकोमा हाल उपभोक्ता समितिकोहरुको प्राविधिक इस्टिमेट नेपाली भाषामा गर्न थालनी गरिएको छ ।
- भू उपयोग वर्गिकरणको कार्यलाई नक्सांकन र कित्तागत विवरण तयार गरीएको छ ।
- गाउँपालिकाका सबै कच्ची सडकहरु बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिएको छ ।

## न्यायिक समिति तर्फ

- न्यायिक समितिमा दर्ता भएका मुद्दा संख्या २७ वटा, प्रारम्भिक छलफल भएका संख्या २० वटा, निर्णय भई मेलमिलाप भएका संख्या ९ वटा र छलफल हुन नसकेका संख्या ७ वटा छन् ।
- २० जनाको लागि मेलमिलापकर्ता सम्बन्धी ४८ घन्टाको आधारभूत तालिम दिइएको छ ।

अब म विषय क्षेत्रगतरुपमा आ.व. २०८०/०८१ को लागि तय गरिएका नीतिहरु प्रस्तुत गर्न चाहन्छुः

# आर्थिक विकास नीति

## १. कृषि ,कृषि उत्पादन व्यस्थापन सम्बन्धि नीति

- गरिबसँग विशेश्वर कार्यक्रमलाई विश्वासिलो र भरपर्दो बनाईने छ।
- भू-उपयोग नीति लागु गरी कृषियोग्य जमिनको संरक्षण तथा व्यवसायिक कृषि गर्न प्रोत्साहन गरिनेछ।
- रुरुक्षेत्र भित्र रहेका किसानहरुको सुची तयार गरी कृषक वर्गीकरण गरिनेछ।
- कृषकलाई बिमारोग पहिचान र रोकथामको उपायहरुमा जानकारी ,प्रविधिक सहयोग , तथा प्रशिक्षण गरिनेछ ।
- एक वडा एक उत्पादनको कार्यक्रमलाई अझै प्रभावकारी बनाउदै लगिनेछ।
- गाउँपालिका भित्रका बजारमा रासायनिक मलको उचित प्रबन्ध मिलाइनेछ।
- ”युवाहरुलाई विदेश होइन बिजनेश“ भन्ने नाराका साथ जग्गा भाडामा लिएर खेति गर्ने किसानहरुलाई जग्गा भाडामा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ र कृषि ऋण लिएर निरन्तर उत्पादन गरिरहेका कृषकको ऋणको ५०व्याज अनुदान दिइनेछ । %
- गाउँपालिका भित्र रहेका डम्पिङ साइट क्षेत्रमा जैविक मल उत्पादनको थालनी गरिनेछ ।
- गाउँपालिका भित्र निर्माणाधीन कोल्ड स्टोरको काम पुरा गरी प्रयोगमा ल्याइनेछ ।
- व्यवसायिक कृषक तथा कृषि समूहलाई अनुदानमा कृषि यन्त्र तथा कृषि उपकरणको व्यवस्था गरिनेछ।
- पकेट क्षेत्रलाई थप व्यवस्थित बनाउदै लगिने छ ।
- तरकारी बालि नगदे ,बाली दुध र मासुको उत्पादन वृद्धि ,फलफुल ,गर्दै लगिनेछ र बजारिकरणको लागि निजि तथा सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।
- निशुल्क माटो परिक्षण तथा परामर्शको व्यवस्था गरिनेछ।
- कफीखेती तथा बजारीकरणको प्रबन्धन गर्नुको साथै रिडी बजार क्षेत्र र बलेटक्सार बजार क्षेत्रमा गुल्मीको पहिचान दिने कफि सप संचालनको लागि प्रोत्शाहन गरिनेछ ।
- गाउँपालिका भित्रका व्यावसायिक कृषकहरु लाई खाधान्न तथा तरकारी बालीको ५० % अनुदानमा उन्नत तथा हाईब्रेड बिउ वितरण गरिनेछ।
- बालि संरक्षणका लागि आवश्कता अनुसार बिषादी खरिद गरी वितरण गरिनेछ।
- कृषकको क्षमता अभिबृद्ध तथा व्यावसायिक खेति बढाउनको लागि आवश्कता अनुसार घुम्ती स्थलगत तालिम संचालन गरिनेछ ।

- कृषिकार्यक्रमहरु संचालन र बजारीकरणको लागि विभिन्न निजि पशु विकास सम्बन्धि , गैर सरकारी ,सहकारी क्षेत्र ,क्षेत्रक्षेत्रसँग सहकार्य गर्दै कृषि एम्बुलेन्स सहित घुम्ती सेवा उपलब्ध गराइनेछ ।
- वन्यजन्तुको आतंक नियन्त्रण गर्न आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।
- रैथाने बालि संरक्षणकोलागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- कृषि योग्य जमिन भएका र सिचाईको सुविधा नभएका किसानहरुलाई लक्षित गरी साना सिचाई कार्यक्रम जस्तै थोपा सिचाई र सिमेन्ट पोखरीको व्यवस्था गरिनेछ।
- आवश्कताको आधारमा हाटबजार संचालनको कार्यक्रम आगाडी बढाइनेछ।

**२ पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धि नीति**

- आधुनिक गोठ तथा खोर सुधार र प्रांगारिक मल उत्पादनलाई प्रोत्साहन गरिनेछ।
- पशुपन्छी बिमा कार्यकर्मलाई प्रभाबकारी रुपमा अगाडी बढाइनेछ।
- उन्नत नश्ल सुधार तथा कृत्रिम गर्भधानको सेवा सुबिधा प्रभाबकारी रुपमा अगाडी बढाइनेछ।
- स्थानीय स्तरमा पोषणयुक्त डालेघाँसभुइघाँस उत्पादनलाई प्रोत्साहन गरिनेछ। ,
- उन्न्नत जातको बोकाहरु वितरण गरिनेछ।
- अति बिपन्न वर्गलाई बाख्राकुखुरा तथा बंगुर पालन कार्यक्रममा अनुदानको व्यवस्था , गरिनेछ ।
- भुसिया कुकुर नियन्त्रणका लागि बन्ध्यकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशु खोपहरु किसानको गोठसम्म पुगेर लगाउने कार्यलाई निरन्तरता गरिनेछ ।
- पशु बाझोपन निवारणको लागि गोठ गोठमा प्राविधिक तथा विज्ञ टोलि पुर्याइनेछ।
- उत्पादनको आधारमा दिइने अनुदानको कार्यक्रमलाई निरन्तरता दिइने छ।
- नि शुल्क पशु औषधि वितरण तथा परामर्शःसेवालाई निरन्तरता दिइनेछ ।

**३ बैंक वितिय सस्था तथा सहकारी सम्बन्धि नीति ,**

- उत्पादनमुखी सहाकारीलाई साझेदारीका कार्यक्रम संचालन गर्न गाउँपालिकाले प्रोत्साहन गर्ने छ।
- सहकारी सस्थाका संचालक लेखा समितिका पदाधिकारी तथा व्यवस्थापकहरुलाई , सहकारी शिक्षा प्रदान गर्दै सक्षम बनाइने छ।

- आवश्कता अनुसार सहकारिको समायोजन तथा निष्क्रिय सहकारीहरु बिघटन गर्दै लगिनेछ।

**४ लघु, घरेलु साना उधोग तथा वाणज्य सम्बन्धि नीति ,**

- स्थानीय स्तरमा उपलब्ध कच्चा सामाग्री प्रयोग गरी बजारको मागको आधारमा उद्यम व्यवसाय संचालनको लागि गाउपालिका मार्फत एकीकृत सेवा उपलब्ध गराइने छ ।
- परम्परागत सिप भएकालाई आवश्यक सहयोग गरी उन्नत प्रविधिसँग जोड्ने नीति ल्याइने छ।
- गुणस्तरनापतौल तथा मुल्यमा एकरुप ,ता ल्याउन जिल्ला स्थित सरकारी कार्यालय तथा अन्य निकाय सँग समन्वय गरिनेछ।
- उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय बजारको सुनिस्चतता लागि सम्बन्धित निकायसँग समन्वय गरी नियमित बजार अनुगमन तथा नियमन प्रभावकारी गरिनेछ।
- लघु उद्यमशिलता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ।
- सबै वित्तीय संस्थाको सामाजिक उत्तरदायित्वलाई एकिकृत गरी गाउँपालिका सँगको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

**५ पर्यटन निति**

- रुरुक्षेत्र धाम ,श्रृङ्गेश्वर तपोभूमि र बम्घाकोटलाई पर्यटकिय क्षेत्र बनाउनको लागि पूर्वाधार निर्माण कार्यलाई अगाडी बढाइनेछ।
- गाउँपालिका भित्रका प्राचिन वस्तु संस्कृति झल्किने खालका होर्डिंग ,धर्म ,बोर्डहरु उपयुक्त स्थानमा राखिनेछ।
- वडा नं 1 .को रिडीको अच् २ .वडा नं ,मेश्वरसि ,द्धबाबा ३ .वडा नं ,कृष्णडाँडा मन्दिर , ,को जम्मुवान गुफावडा नंको बम्घाकोट र व ६ ,डा नंको श्रृङगेस्वर क्षेत्रलाई ४ , पर्यटकहरुको एकमुस्ट गन्तव्य स्थल बनाईनेछ।
- रुरुक्षेत्र रिडीलाई धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्र घोषणाको लागि प्रक्रिया अगाडी बढाइनेछ ।

**६ रोजगार सम्बन्धि नीति**

- गाउँपालिका भित्रका बेरोजगार युवाहरुको अभिलेख तयार गरिनेछ।
- गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई स्थानीय विकास निर्माण कार्यमा सरिक भई काम गर्न पाउने व्यवस्था मिलाउन आवश्यक पहल एवंम समन्वय गरिनेछ ।

- युवाको मागको आधारमा शिपमुलक तालिम गोष्ठी जस्ता कार्यक्रम ,संचालन गरिनेछ।
- युवाहरुलाई व्यसायिक कृषिमा आकर्षण बढाउन पहल गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

## संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह नीति

### १. राजस्व परिचालन नीतिः

- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना बमोजिम राजस्व परिचालन को कार्यक्रम कार्यान्वयन गरिने छ । राजस्व स्रोत, र दायरालाई फराकिलो बनाउदै लैजाने नीति अबलम्बन गरिनेछ ।
- राजस्वको लागि सम्भाव्य क्षेत्रहरुको पहिचान गर्दै करको दायरा भित्र लगिनेछ ।
- आन्तरिक स्रोत तर्फका कर, दस्तुर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।
- भौगोलिक बनावट अनुसार नागरिकलाई पायक पर्ने ठाउँमा व्यवसाय दर्ता नविकरण सम्बन्धी शिविर संचालन गरिनेछ ।
- व्यवसाय कर, बाहाल कर, सिफारिस दस्तुर लगायत करलाई अद्यावधिक गर्दै लगिनेछ साथै विज्ञापन कर, मनोरंजन करको बारेमा सम्भाव्यता अध्ययन गरिनेछ । भूउपयोग योजना - बमोजिम जग्गाको बर्गिकरण लाई आधार मानीभुमिकर/मालपोत को दर निर्धारण गर्ने नीति लिइनेछ ।
- कर प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्दै लगिनेछ । गाउँपालिकाको कार्यालय र वडा कार्यलयहरुबाट आगामी आको शुरु देखी नै सुत्र .ब. (SUTRA) प्रणालि बाट राजस्व सङ्कलन गर्ने नीति लिइनेछ ।
- करदातालाई कर तिर्ने बानि बसाल्न तथा प्रोत्साहन गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

## २. मानव संसाधन विकास नीतिः

- विषयगत समितिलाई प्रभावकारी बनाउन विषयगत समितिमा रहनुहुने सदस्यको लागि आफ्नो क्षेत्रसँग सम्बन्धीत काम ,कर्तव्य ,अधिकार र जिम्मेवारीको सन्दर्भमा अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- सेवा प्रवाहको आवश्यकता औचित्यतताको आधारमा कुनै पनि क्षेत्र/निकायमा थप कर्मचारी आवश्यक भएमा सँगठन तथा व्यबस्थापन सर्वेक्षण बमोजिम स्वीकृत रिक्त दरबन्दीमा कानुनको परिधिभित्र रही सेवा करारमा कर्मचारी लिइनेछ ।
- कर्मचारीहरुमा कार्यप्रेरणा जगाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण निर्माण गरिनेछ, यसको लागी कार्यबोझ, कार्यसम्पादनको आधारमा थप सुविधाको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरु विच सहकार्य, समन्वय र सहसम्बन्ध कायम गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ, कार्यसम्पादनको आधारमा कर्मचारीलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।
- कार्यालयमा कार्यरत कर्मचारीहरु बीच कार्यसम्पादनमा प्रभावकारिताको लागि समकक्षी पुनरावलोकनको व्यवस्था गरिनेछ ।
- सूचनाहरुलाई विद्युतीय प्रविधिमैत्री बनाउन वडामा कार्यरत सबै कर्मचारीको क्षमता विकासका कार्यक्रम संचलन गरिनेछ ।

## ३. सेवा व्यवस्थापन सम्बन्धी नीतिः

- गाउँपालिकाको कार्यसम्पादन प्रणालीलाई पारदर्शी, उत्तरदायी मितव्ययी र छरितो वनाइनेछ ।
- कार्यसम्पादनको लागि आवश्यक पर्ने नीति, नियम, कानुन, कार्यविधिको तर्जुमा गरिनेछ ।
- भाडामा घर लिई कार्यालय संचालन भइरहेकोमा आगामी आर्थिक वर्षमा सबै सेवाहरु सरकारी कार्यालयको भबनबाट उपलब्ध गराइनेछ ।
- चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम र प्रगति समिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख र वडा सचिवहरु बिच कार्यसम्पादन सम्झौता गरिनेछ ।
- सेवा प्रवाहलाई मापन योग्य बनाउन सबै कार्यालयमा गुनासो पेटिकाको व्यवस्था, वेव साईटमा Rate our Service को व्यवस्था गारिनेछ ।

- गाउँ कार्यपालिकाको कार्यालयमा हेल्प डेस्कको स्थापना र संचालन गरिनेछ ।
- उपभोक्ता समितिसँग गरिने कार्यसम्पादन सम्झौता प्रत्येक वडामै सिविर संचालन गरी गरिनेछ।
- उपभोक्ता समिति सदस्यहरुलाई योजना संचालन सम्बन्धी विषयमा तालिम संचालन गरिनेछ र प्रक्रियागत सहजीकरण/ सरलीकरणको लागि मार्गदर्शन सहितको ब्रोसर, पम्प्लेटको निर्माण गरी वितरण गर्ने कार्य लाई निरन्तरता दिइनेछ ।
- सवै कार्यालयमा नागरिक वडापत्र तथा सूचना पाटीको व्यवस्था गरिनेछ साथै विधुतीय माध्यमबाट सूचना प्रवाह गर्न सबै कार्यालयको आधारिकारीक फेसबुक पेज संचालन गरिनेछ।
- विद्युतीय हाजिरलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको सम्पूर्ण गतिविधीलाई समेटी त्रैमासिक रुपमा e-bulletin प्रकाशन गर्दै आएकोमा थप व्यवस्थित र परिमार्जन सहित निरन्तरता दिइनेछ ।
- सार्वजनिक खरिद गुरुयोजना तयार गरिनेछ र सार्वजनिक खरिद प्रक्रियाको बारेमा उपभोक्ता समिति, संघ/संस्था र विद्यालय शिक्षकहरुलाई तालिम प्रदान गरिनेछ ।
- ५ लाख भन्दा ठुला योजनाहरु अनिवार्य रुपमा विद्युतीय बोलपत्र मार्फत खरिद गरिनेछ।
- गाउँपालिका मार्फत हुने सेवा प्रवाहहरुलाई थप व्यवस्थित र प्रभावकारी गराउन विभिन्न सफ्टवेयरहरु खरिद गरिनेछ ।

## ४. संस्थागत क्षमता विकास नीतिः

- गाउँपालिकाको प्रशासकीय भवन निर्माण अन्तिम चरण मा पुगेको छ आगामी आदेखी .ब. गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सबै सेवाहरुलाई एकै भबनबाट सेवा प्रबाह हुने व्यवस्था मिलाइने छ ।
- वडा नं. १ रातामाटामा निर्माणाधीन रहेको १५ सैयाको अस्पताल निर्माणलाई तीव्रता दिइनेछ ।
- विद्युत आपूर्तिलाई दिगो र निरन्तर बनाउन सवै स्वास्थ्य चौकीमा सौर्य उर्जा क्रमशः जडान गर्दै लगिनेछ ।
- न्याय सम्पादन र विधेयकहरु तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्त गर्न आवश्यक पहल गरिनेछ ।
- न्यायिक समिति पदाधिकारीको र मेलमिलापकर्ताको क्षमता अभिवृद्दी गरिनेछ ।
- ऐन कानुन संग्रह गरी कानुन संग्रह प्रकाशन गरिनेछ ।

- गाउँपालिकाको आवधिक योजना लगायत प्राप्त नमुना कानुन अनुसार आवश्यकताका आधारमा ऐन, नियम, विधि तथा कार्यविधिको निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

## ५. सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिः

- गाउँपालिका केन्द्रमा प्रहरी चौकीको स्थापनाको लागि आवश्यक जग्गा प्राप्ति भइ प्रक्रिया आगाडी बढिसकेको छपूर्वाधार निर्माण को प्रक्रिया लाई यथाशिघ्र सुरुवात गरिने छ ,।
- स्थानीय संघ, संस्था, क्लब नागरिक समाज राजनीतिक दल, महिला समुह आदिसँग रचनात्मक क्रियाकलाप संचालन गरिनेछ ।
- नगर प्रहरी सम्बन्धि कानुनी संरचना तयार भैसकेकोले आगामी आको सुरुवात संगै .ब. जनशक्ति ब्यबस्थापन गरी स्थानीय सान्ति सुरक्षा सुव्यवस्था, बजार अनुगमन, न्यायिक निर्णय कार्यान्वयनको लागि परिचालन गरिने छ ।
- गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रहरु रिडी बलेटक्सार र रानीवास क्षेत्रमा ,थप सी सी टि भी क्यामेरा जडान गरिनेछ ।

## ६. सुशासन सम्बन्धी नीतिः

- गाउँपालिका मार्फत भए गरेका सम्पूर्ण गतिविधि, आय व्ययको विवरण प्रत्येक महिना सार्वजनीक गरिनेछ ।
- हरेक योजनाहरुको समाप्ति पश्चात लाभग्रहिको समेत सहभागीता हुने गरी सार्वजनिक लेखा परिक्षण गरिनेछ ।

## ७. स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन नीतिः

- कार्यालयको डाटाबेस व्यवस्थित गरी सबै अभिलेखलाई कम्प्युटर प्रणालीमा अभिलेखिकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको खण्डिकृत तथ्यांक सहितको भिलेज प्रोफाइल तयार गरिनेछ ।
- कार्यालयमा रहेका सफ्टवेयर र वेवसाइट अद्यावधिक राखिनेछ ।

# वन वातावरण तथा विपद् व्यवस्थापन नीति

## १. विपद् व्यवस्थापन सम्बन्धि नीति

- अनपेक्षित विपद् व्यवस्थापनको लागि पुर्व सतर्कता र प्रतिकार्य कार्यक्रम संचालनहरु गरिनेछ। यसको लागि रुरुक्षेत्र गाउँपालिकाले तर्जुमा गरेको विपद् पुर्व तयारी र प्रतिकार्य योजना-तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०८०-२०८० स्वीकृत गरी उक्त योजनाले लिएका लक्ष्य उदेश्य हाँसिल गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्दै लगिनेछ ।
- बाढी पहिरो क्षेत्रको वर्गीकरण गरी तुलनात्मक रुपमा सस्तो वातावरणीय दृष्टिकोणले उपयुक्त हुने गरी बायो इन्जिनियरिंग प्रविधिको प्रयोग गरिनेछ ।
- आगलागी जन्य विपद् व्यवस्थापनको लागि प्रत्येक लिफ्टिंग खानेपानी उपभोक्ता समितिलाई वस्ती क्षेत्र र वन जंगल क्षेत्रमा अनिवार्य रुपमा emergency outlet को व्यवस्था गर्न लगाइनेछ र उक्त स्थानमा आउटलेट स्थापना र संचालानार्थ आवश्यक पर्ने बजेट विनियोजन गरिनेछ ।
- आगामी आखरिद गरी (टाली) मा आगलागी जन्य विपद् व्यवस्थापनको लागि ट्यांकर.व. तयारी अवस्थामा राखिनेछ सो को लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।
- सरकारी संस्थाविद्यालय र अन्य सार्वजनिक स्थानमा अग्नि नियन ,्त्रक (Fire Extinguisher) को व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा कार्यरत सिकर्मी र डकर्मीहरुलाई र रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार यूवाहरुलाई दिगो भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि आवश्यक तालिमको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापनको समयमा आइपर्ने क्षति न्यूनीकरण गर्नको तत्काल राहत उद्दार गर्न , लागि आवश्यक पर्ने सामग्री खरिद गरिनेछर सो कार्यमा स्थानीय संघ संस्था, गैर सरकारी संस्थाहरुसँग समन्वय सहकार्य गरिनेछ ।
- आगलागीको विपद् बाट क्षति कम गर्ने उद्देश्यले छिमेकि गाउँपालिकानगरपालि/का सँग समझदारी गरी दमकल सेवा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

## २ वन वातावरण सम्बन्धि नीति

- गाउँपालिकालाई वातावरण मैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।
- खुला खालि तथा पर्ती जग्गामा काठजन्य र औषधिजन्य बिरुवा रोप्ने कार्यलाई ,प्राथमिकतामा राखिनेछ ।
- वन जंगल वरिपरिको क्षेत्रमा विभिन्न वन्यजन्तु र पशु पंक्षीको तस्विर सहितको होर्डिंग बोर्डको व्यवस्था गरिनेछ ।
- प्लास्टिकप्लास्टिक जन्य सामग्रीको प्रयोग कम गर्दै स्थानीय स्तरमा उपलब्ध हुने वातावरण / मैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहनगरिनेछ ।
- गाउँपालिका भित्र निर्माणाधीन अवस्थामा रहेको राष्ट्रिय गौरवको आयोजना मदन भण्डारी सडक निर्माणको चरणमा उक्त सडकको दायाँ बायाँ रहेका स्थानीय सडकमा क्षति पुगेको हुँदा उक्त सडकहरु नियमित संचालन हुने बनाउन निर्माण कम्पनिसँग आवश्यक समन्वय गरिनेछ ।
- रुरु टोल विकास समितिसँगको समन्वयमा कालीगण्डकी कोरिडोर अन्तरगत रिडी - पिपलका रुखहरु ,रुद्रवेनी सडक खण्डको किनारमा धार्मिक हिसाबले महत्वपूर्ण रहेका वर रोपिनेछ ।
- रुरुक्षेत्र गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक वन हरुको तथ्यांक अध्यावधिक गरिनेछ र सामुदायिक वनले गरेको सम्पूर्ण आम्दानीको १० गाउँपालिकाको आन्तरिक राजस्वमा % दाखिला गर्ने व्यवस्थालाई वाध्यकारी बनाइनेछ ।
- विकास निर्माणका कार्यहरु संचालन पुर्वनदिजन्य पदार्थ उत्खनन विक्री वितरण पुर्व अनिवार्य , रुपमा संक्षिप्त वातावरणीय अध्ययन गरिनेछ र अध्ययन प्रतिवेदन लाई प्रभावकारी रुपमा कार्यान्यवन गर्दै लगिनेछ ।
- रुरुक्षेत्र गाउँपालिकाको धार्मिक महत्व झल्काउन र धार्मिक पर्यटन भित्र्याउन विद्यालय , बैंकिंग क्षेत्र तथा निजि संघ ,सहकारी ,युवा क्लब ,आमा समुह ,टोल विकास समिति वर्ष भित्र गाउँपालि ४ संस्थासँगको सहकार्यमा आगामीका भित्रका सार्वजनिक स्थानमा १०८ पोखरी र १००८ पिपलका विरुवाहरु लगाइनेछ .व.सोहि अनुसार आगामी आ , पिपलका रुखहरु रोपिनेछ । २५० वटा पोखरी र ३० कम्तिमा
- कालोपत्रे भईसकेका सडकको दाँया बायाँ किनारमा हरियाली प्रवर्द्धन गर्न आवश्यकता अनुसार फलफुल र अन्य सौन्दर्य बढाउने रुखबिरुवाहरु रोपिनेछ ।
- गाउँपालिका भित्र स्थापना गरिएको नर्सरी केन्द्रको क्षमता अभिवृद्दी गरी थप व्यवस्थित गरिनेछ ।

# पूर्वाधार विकास सम्बन्धी नीति

## १. सडक तथा यातायात व्यवस्था सम्बन्धी नीति

- गाउँपालिका भित्रका सडक पूर्वाधार सम्बन्धी कार्य व्यवस्थित गर्नको लागि तयार गरिएको यातायात गुरुयोजना (Municipality Transport Master Plan), आवधिक योजना रहेको सडकहरुको प्राथमिकताको आधारमा बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालयसम्म जोड्ने वडा पहुँचमार्ग निर्माणलाई पहिलो प्राथमिकता दिईनेछ ।
- स्तरोन्नति भएका सडकहरुलाई कालोपत्रे गर्ने गरी बजेट विनियोजन गरिनेछ ,त्यसै गरी सडक ग्रावेल, नाली व्यवस्थापन, कल्बर्ट निर्माणलाई क्रमश प्राथमिकतामा राखेर निर्माण कार्यलाई अगाडी लगिनेछ ।
- गाउँपालिका भित्रका कुनै पनि सडकको निर्माण गर्दा कम्तिमा कच्ची नाली अनिवार्य गरिनेछ, कच्ची नाली निर्माण नगरी कुनै पनि सडक निर्माण गर्न अनुमति दिईने छैन ।
- मुख्य सबै सडकको मर्मत सम्भारका लागि कम्तिमा ५ महिनाको लागि (जेठ देखि असोजसम्म) हेरालुको व्यवस्था गर्ने नीति लिइनेछ । सडक हेरालु अन्य पूर्वाधार मर्मत र संरक्षणमा पनि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक मुख्य सडकहरुदोबाटो ,, चौबाटो र चोकहरुमा सबैले बुझ्ने गरी सडक रुट, सडकको दिशा खुल्ने गरी सडक सूचना बोर्ड र ट्राफिक चिन्हको व्यवस्था गरिनेछ ।
- कुनै पनि सडकको स्तरउन्नती र नयाँ सडकको काम गर्दा, सडकको क्षेत्राधिकार भित्र रही, गाउँपालिका वा वडा समितिको समन्वयमा हाल कायम गर्नुपर्ने चौडाईको यकिन गरी निर्णय गरेर मात्र सडकको सर्वे र लागत अनुमान तयार गरिनेछ ।
- असार महिनादेखि भदौ महिना भित्र सामान्य मर्मत बाहेक कुनै पनि सडक खन्न अनुमति दिईनेछेन ।

## २. भवन तथा सहरी विकाश नीति

- प्रत्येक वडाको मुख्य मुख्य बजारक्षेत्र, सार्वजनिक स्थल र पर्यटकिय स्थलहरुमा वास सहितको सार्वजनिक शौचालयको निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र रहेका सडकबाट नयाँ निजि बाटोहरु अनुमति बिना निर्माण गर्न दिईने छैन र सो सडकले गर्दा आउने क्षतिको जिम्मेवार समेत निजलाई बनाई असुल उपर गरिनेछ ।
- नाली बाहेक न्युनतम ४ मीटर चौडाई र पूर्वाधार पुगेको सडकमा कालोपत्रे गर्न प्राथमिकता दिईनेछ ।
- नक्सापास नगरी वा नक्सापास भन्दा फरक गरि, निर्माण भइसकेको भवनहरुको अभिलेखीकरणका लागि भवन अभिलेखीकरण कार्यविधिद्धारा व्यवस्थित गरिनेछ।
- नयाँ घर बनाउदा अनिवार्य घर नक्सा पास गरेर मात्रै निर्माणको अनुमति दिईनेछ।
- गाउँपालिका स्तरीय र गौरवका आयोजनाहरुलाई सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (.आर.पी.डी)गरेर मात्र योजना अगाडी बढाईनेछ ।
- प्रत्येक वडामा आवस्यकता अनुसार सभाहलको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- आकस्मिक सेवाको लागि आवस्यकता अनुसार हेलिप्याडको निर्माण कार्यको थालनी गरिनेछ । रिडी खेलमैदान र घिउबेसी खेलमैदानको परिषर भित्र हेलिप्याड निर्माण गरिनेछ ।
- पूर्वाधार निर्माण गर्दा वातावरण मैत्रीबालबालिका ,अपाङ्ग ,जेष्ठनागरिक ,महिला , मैत्री हुने गरी निर्माण गरिनेछ ।

## ३. योजना संचालन सम्बन्धी नीति

- उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा गाउँपालिकाको रोजगार सेवा केन्द्रको सुचिमा सुचिकृत रहेका व्यक्तिहरुलाई प्राथमिकतामा राखी काममा सहभागी गराइनेछ ।
- गाउँपालिका मार्फत संचालित अधुरा तथा क्रमागत योजनाहरुलाई आवश्यकता र औचित्यका आधारमा प्राथमिकता दिई आगामी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरिनेछ ।
- विद्यालय भवनअपाङ्गमैत्री फुटपाथ निर्माण कार्यमा लागत सहभागिताको अंश , राखिने छैन ।
- कुनै पनि योजना संचालनको क्रममा लागत सहभागिता जुटाउन नसक्ने भएमा योजना कार्यन्वयन गर्नको लागि सम्बन्धीत वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट अन्य प्रक्रियाबाट सम्पन्न गरिनेछ ।
- उपभोक्ता समितिले आफैले स्थानीय रुपमा रोजगारी सिर्जना गर्ने गरी कार्य गर्न सम्झौता गरेका योजनाहरु निर्माण व्यवसायी मार्फत गराउने गरेको पाइएमा कार्यालयले कुनैपनि समयमा सम्झौता तोड्न सक्ने नीति अवलम्बन गरिनेछ।
- योजना फरफारक गर्दा आयोजना सुरु हुन भन्दा अगाडी र आयोजना सम्पन्न भईसके पश्चातका )Pre project photoर Post Project Photoफोटोहरुलाई ( अनिवार्य गरिनेछ ।
- स्वीकृत सबै बार्षिक कार्यक्रमहरुको कार्तिक मसान्त सम्म सम्झौता गर्ने र जेष्ठ १५ भित्र सबै योजना सम्पन्न गरी फरफारक गर्ने कार्यातालिका प्रकाशन गरिनेछ । बैशाख १५ गते पछि कुनै पनि योजनाको आसमान्य अवस्था बाहेक सम्झौता गरिनेछैन ।
- गाउँपालिकाको योजनामा बढी प्रयोगमा आउने निर्माण सामग्रीहरु जस्तै खानेपानीको पाइपटेन्डरबाट -गेबियन तारजाली र अन्य सामग्रीहरु ई ,मपाइपह्यु , खरिद गरी भण्डारण गरेर आवस्यकता अनुसार वितरण गर्ने व्यवस्था मिलाईनेछ।

## ४ उर्जा र संचार सम्बन्धी नीति

- विद्युतको काठका पोललाई स्टिल पोल मार्फत विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक घरधुरीलाई गाउँपालिकासँग साझेदारी कार्यक्रममा संलग्न गरी विधुतीय चुलो वितरण गर्ने काम सुरु गरिनेछ ।
- मुख्य सडकहरु र वस्तीहरुमा सडक बत्ती जडान गरिनेछ। सडक बत्तीको महसुल गाउँपालिका वा वडा कार्यालयबाट व्यवस्थापन गर्ने कार्यको लागि विधुत प्राधिकरण सँग समन्वय गरिनेछ ।

## ५. सिचाई सम्बन्धी

- गाउँपालिका भित्रका खेतीयोग्य जमिनको पहिचान गरिबढी उत्पादनहुने क्षेत्रलाई पहिलो , प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- कच्ची सिचाई कुलोलाई पक्कि कुलोमा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- लिफ्टिंग सिंचाईलाई थप व्यवस्थित प्रभावकारी बनाउदै लगिनेछ ।

# सामाजिक विकास नीति

## १ शिक्षा

- विद्यालयको आर्थिक अवस्थाकक्षा र विद्यार्थी संख्यालाई आधार ,शिक्षक दरवन्दी संख्या , मानि स्थानीय स्रोतका शिक्षकहरुलाई अनुदान उपलब्ध गराइनेछ ।
- सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा लेखा कर्मचारीहरुलाई लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धि तालिम प्रदान गरिनेछ ।
- आधारभूत तह कक्षा को परीक्षालाई पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमको निरन्तर (३-१) को पालिका स्तरीय ८ र ५ मुल्यांकन प्रक्रियालाई व्यवस्थित गर्दै लगिनेछ भने कक्षा परीक्षा संचालन गरिनेछ र उक्त परीक्षाको नतिजा समेतको आधारमा अन्य कार्यक्रम निर्धारण गरिनेछ।
- विद्यार्थी संख्यायातायात संजालको ,भौगोलिक दुरी ,सिकाइको स्तर ,शिक्षक दरवन्दी , सुविधा आदिलाई आधार बनाई विद्यालय समायोजन तथा कक्षा घटाउने र शिक्षक दरबन्दी मिलान गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ ।

- विद्यालयमा संचालन हुने शैक्षिक कार्यक्रम लगायत शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका र लिडर विद्यालयहरुबाट नियमित अनुगमन गरी पृष्ठपोषण तथा सुझाव दिइनेछ ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिविद्यार्थी र अभिभावक समेतको ,शिक्षक,शिक्षक अभिभावक संघ, सहभागितामा पालिका स्तर र लिडर विद्यालय मार्फत शैक्षिक अन्तरक्रिया तथा उत्प्रेणात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालयमा अध्ययनरत आधारभूत तथा माध्यमिक तहका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वालविकास कक्षाका लागि आवश्यक खेल सामाग्रीशैक्षिक सामग्री र अन्य व्यवस्थापनमा , सहयोग गरिनेछ।
- शिक्षकहरुको पेसागत क्षमता विकासका लागि विषयगत तालिम प्रदान गरी शिक्षण सिकाई प्रक्रियामा डिजिटल प्रविधि तथा ।CT को प्रयोगलाई जोड दिइ कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यालय वसका चालकको तलवमा ५० %अनुदानको व्यवस्था गरिनेछ ।
- शैक्षिक उपलब्धि सुधारका लागि प्रधानाध्याकहरुलाई थप जिम्मेवार बनाउन भत्ता वृदी गरिनेछ ।
- चालु आर्थिक वर्ष नवप्रवर्तन साझेदारी कोष अन्तरगत संचालनमा रहेको प्रविधि मैत्री शिक्षण सिकाई क्रियाकलाप हाल आधारभूत तहमा -६ कक्षा)८रहेकोमा आग (ामी शैक्षिक सत्र देखी कक्षा ९ मा संचालन गरिनेछ सो को लागि आवश्यक पूर्वाधार निर्माण र शिक्षकहरुलाई तलिम संचालन गरिनेछ ।
- विद्यार्थीहरुको सर्वाङगिक विकासका लागि पालिकास्तर र लिडर विद्यालय मार्फत विविध अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।
- आधारभूत तह र(५-४)सो भन्दा माथिका कक्षामा गणित र विज्ञान विषयको सिकाइ उपलब्धी कम्तिमा ५० %६० र अन्य विषयको कम्तिमा %हुने प्रतिबद्दता सहित प्रले .अ. सँग कार्य सम्पादन सम्झौता गर्ने र सो को .अ.सम्पूर्ण शिक्षकहरु सँग र गाउँपालिकाले प्र आधारमा पुरस्कार तथा दण्डको नीति अवलम्बन गरिनेछ ।
- विद्यालयमा स्काउट शिक्षालाई व्यवस्थित गरिनेछ ।
- माध्यामिक तहका विद्यार्थीहरुलाई लक्षित गरेर वालविवाहमहिलाहिंसा ,धुम्रपान ,मद्यपान , विरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

- एक विद्यालय एक करेसाबारी कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- वुहारी शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- आगामी शैक्षिक सत्र देखी जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिनेछ ।

## २. युवा तथा खेलकुद

- गाउँपालिका र प्रत्येक वडाहरुमा युवा क्लव गठन गर्न प्रोत्साहन गरिनेछ ।
- युवाहरुको लागि गाउँपालिका स्तरीय खेलकुदका कार्यक्रमहरु आयोजना गरिनेछ ।
- रिडी र घिउबेसी खेल मैदानलाई बहुस्तरीय उपयोगी हिसाबले विकास गर्दै लगिनेछ ।

## ३. स्वास्थ्य

- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाइने छ।
- गर्भवतीआपांगहरुको स्वास्थ्य परिक्षण तथा दिर्घ रोगबाट जेष्ठ नागरिक तथा ,सुत्केरी , ग्रसित नागरिकलाई निशुल्क औषधी उपलब्ध गराउने लगाएतका स्वास्थ्य सेवा प्रदान गर्न संचालित घरघरमा स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- मानिसको दिमागको ८० प्रतिशत विकास बच्चा जन्मेको २ बर्ष भित्रै हुने भएकोले कुपोषणबाट जोगाउन र पोषणको महत्व बुझाउन १००० दिने आमाहरुलाई लक्षित गरी पोषण सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- सुत्केरीहरुलाई निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईने छ ।
- गर्भवती तथा सुत्केरिहरुलाई निशुल्क क्याल्सियम चक्की उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- सुत्केरीहरुको लागि पोषण प्याकेज कार्यक्रम लाई निरन्तरता दिईने छ ।
- गर्भवतीहरुको लागि अनिवार्य गर्नु पर्ने रगत तथा पिसाव जांच निशुल्क गर्ने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्थाहरुमा संचालित बर्थिंग सेन्टरहरुलाई थप गुणस्तरीय बनाइने छ ।
- आवस्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा ल्याब सेवालाई बिस्तार गर्दै लगिनेछ ।

- सबै स्वास्थ्य चौकीहरुमा हरेक २ महिनामा डक्टर र ल्याब सहितको स्वास्थ्य MBBS सेवालाई निरन्तरता दिईने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न क्रियाकलाप संचालन गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरुको लागि कल्याणकारी कोष स्थापना गर्ने नीति लिईने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वंम सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- आवस्यकता अनुसार सामुदायिक स्वास्थ्य ईकाईहरु स्थापना गर्दै लगिनेछ ।
- स्त्री रोग लगाएत अन्य समस्याका लागि विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्यालाई कम गर्न बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पोषणप्रजनन् स्वास्थ्य लगायत अन्य स्वास्थ्य सम्बन्धि बिधालय स्वास्थ्य शिक्षा , हरु सबै बिद्यालयमा संचालन गरिने छ ।कक्षा
- एचशिक्षामा सहयोग ,संक्रमणलाई न्यूनीकरण गर्न तथा संक्रमितहरुलाई पोषण.भी.आई. तथा सिपमुलक तालिमको लागि विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- रुरु प्राथमिक स्वास्थ्य केन्द्रको अस्पताल फार्मेसी लगाएतका सेवाहरुलाई थप प्रभावकारी र गुणस्तरीय बनाइने छ ।
- आयुर्वेद औषधालयको भवन निर्माणका लागि पहल गरिनेछ ।
- योग शिविरहरु संचालन गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।
- स्वास्थ्य विमामा खटिएका दर्ता सहयोगीहरुलाई प्रोत्साहित गरिने छ ।
- पोषणमैत्री स्वास्थ्य संस्थापोषणमैत्री स्थानीय तह तथा पूर्ण संस्थागत प्रसुती वडा पूर्ण/ घोषणा गर्दै लगिनेछ ।
- मोतियाबिन्दुबाट हुने अन्धोपन न्यूनीकरणकालागि बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- गाउँपालिका भित्रका अति विपन्न नागरिकलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।

४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि नीति

- महिला शसक्तिकरणका लागि नेतृत्व विकासका साथै चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- हिंसा मुक्त रुरुक्षेत्र गाउँपालिका अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्द शुन्य सहनशिलताको नीति लिइनेछ ।
- गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परिक्षण गर्ने व्यवस्था गरिनेछ ।
- कम्तिमा एक वडा बालबालिका मैत्री वडा घोषणा गरिनेछ ।
- दलित र गैर दलित बिच सामाजिक चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।
- वडा स्तरमा गठन हुने उपभोक्ता समितिहरु मध्ये कम्तिमा ५०को अध्यक्ष समिति % महिला अध्यक्ष हुने गरी गरिनेछ र महिला अध्यक्ष नहुने समितिको मुख्य पदाधिकारीमा महिलाहरुको बहुमत हुने गरी उपभोक्ता समिति गठन गरिनेछ ।
- जेष्ठ नागरिकलाई स्वास्थ्य विमाऔषधी उपचार लागायतका क्षेत्रहरुमा विशेष सहयोगको , नीति अपनाइने छ ।
- अपाङ्गता भएका नागरिकको दैनिक जीवन सहज सरल बनाउन त्यस्ता व्यक्तिहरुको कृतिम अंग प्रत्यारोपण गर्न विभिन्न सहयोगी निकाय क्लबहरु सँग समन्वय ,दाता ,र सहकार्य गरिनेछ।
- सिमान्तकृत वर्गका दलित तथा महिलाहरुलाई लक्षित गरी ड्राइभिङ तालिम प्रदान गरिनेछ ।
- दलित समुदायलाई उन्नत जातका गाई भैसी पालनमा प्रोत्साहित गरिनेछ।

५ कला संस्कृति

- लोपोन्मुख भाषा, स्थानीय जात्रा, संस्कृति, भेषभूसा, पर्व आदिको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ ।

६ खानेपानी तथा सरसफाई

- खानेपानी वर्ष मनाउने कार्यक्रम संचालन गरी एक घर एक धारा कार्यक्रम सम्पन्न गरिने छ।
- खानेपानी मुहान संरक्षणको कम प्रभावकारी बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।

**धन्यवाद ।**